# १३ एकताको अन्तिम पुनर्स्थापना

*<u>यस अध्यायका मूल पदहरू:</u>* यूहन्ना १४:१-३, यशैया ११:१-१०, प्रकाश २१:१-५, १ थेस्सोलिनिकी ४:१३-१८, प्रकाश २२:१-५ र यशैया ३५:४-१०।

**यस अध्यायको मूल सार पदः "जे भएतापनि प्रभु येशूको प्रतिज्ञा अनुसार हामी नयाँ स्वर्गहरू र नयाँ पृथ्वीको प्रतीक्षामा छौं जहाँ उहाँको धार्मिकताले बास गर्दछ" (२ पत्रुस ३:१३ रूपान्तरित)।**

बाइबलमा धेरै महान् प्रतिज्ञाहरू छन्। तिनीहरूमा एक महान् आज्ञा येशूको दोस्रो आगमन पनि हो।। यदि येशू आउनुभएन भने हामीहरूको अस्तित्वको केही मतलब हुँदैन। हामी मानिस भएर जन्मेको बेकार हुन्छ। हामीहरूको आशाको केन्द्रविन्दु नै उहाँको दोस्रो आगमन हो। उहाँको आगमनको अर्थ के हो सोमा हामीहरूको आशा झुण्डिरहेको हुन्छ। जब स्वर्गको बादलमा प्रभु येशू फर्किनुहुन्छ तब संसारका सबै थोकहरू, मानिसहरूले बनाएका भौतिक र नाश हुने संरचनाहरू, मानिसहरूले उपलब्ध गरेका गौरब, आविष्कार आदि सम्पदाहरू बेकारको हुनेछन् र बिलाएर जानेछन्। स्वर्गमा सन्तहरूको हजार वर्षको बास पछि युद्ध, झगडा, अनमेल, अनिकाल, अनेकौं रोग व्याधी र वियोगहरूले सताइएको यो पृथ्वी आगोबाट ध्वस्त भएर नयाँ हुनेछन्। यस पृथ्वीमा मुक्ति पाएका जनहरू रहनेछन् र अन्तमा तिनीहरूको प्रभु र एक आपसमा छुटेका माया जनहरूसँग पुनर्मिलन हुनेछ।

येशू ख्रीष्टको दोस्रो आगमनको आशा नै नयाँ करारको एक प्रमुख विषयबस्तु हो। शताब्दीयौंदेखि येशूभक्तहरूले यो प्रतिज्ञा पुरा हुने कुरामा तिब्र चाहना व्यक्त गरिरहेका छन्। हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू पनि उहाँको दोस्रो आगमनको हृदयदेखि नै चाहना व्यक्त गरिरहेका छौं। हामीहरूको नाउँले नै त्यस आशाको पहिचान देखाउँदछ।

यस पुस्तकको अन्तिम अध्यायमा येशूको आगमनको प्रतिज्ञाको बारेमा छलफल गर्नेछौं र येशूभक्तहरू एक रहनुमा उहाँको आगमनको औचित्य के छ सो हेर्नेछौं। कतिपय समयमा हामीहरूको एकता ख्रीष्टमा हुनुपर्ने कुरालाई

मानव सृजित कारणहरू र कमजोरीहरूले चुनौति दिइरहेको हुन्छ। तर हामीहरूको टुक्रिएको वा पापले तहसनहस पारिरहेको मानव जीवनमा हामीहरूको मानव समस्याको समाधान खोज्नेछैनौं किनभने त्यो समय आउनेछ जब कुनै टुक्रिएको र फुटेको जीवन पद्वति त्यहाँ हुनेछैन। जब येशू दोस्रो पल्ट आउनुहुनेछ तब हामी उहाँमा एक हुनेछौं र अन्तमा सन्तहरूसँग पुनर्मिलन भएर नयाँ कहिल्यै नाश नहुने परिवारको पुर्स्थापना हुनेछ।

## १. येशूको दोस्रो आगमनको सुनिश्चिता

**दोस्रो आगमनको बारेमा दिइएको प्रतिज्ञाहरूमा यूहन्ना १४:१-३ अत्यन्त उल्लेखनीय प्रतिज्ञा मानिन्छ। नयाँ पृथ्वीमा मुक्ति पाएकाहरूको जीवन कस्तो हुनेछ भनेर त्यस प्रतिज्ञाले कसरी बताउँछ? हेर्नुहोस् "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।"**

सुरुका येशूभक्तहरूले येशूको दोस्रो आगमन "आशिषित आशा" (तीतस २:१३ रूपान्तरित) भनेर सम्बोधन गरेका थिए। येशूको दोस्रो आगमनमा अगमवक्ताहरूले दिएका सबै भविष्यवाणीहरू र प्रतिज्ञाहरू येशूको दोस्रो आगमनमा पूरा हुने तिनीहरूले अपेक्षा गरेका थिए। यस संसारमा येशूभक्तहरू तिर्थयात्री भइरहेको हैसियतले येशूको आगमन नै तिनीहरूको खास लक्ष्य थियो। सबै जना जो येशूको आगमनको प्रतीक्षा भित्री हृदयदेखि प्रेमले अभिप्रेरित भएर गरिरहन्छन् उहाँ आउनुभएपछि उहाँसँग प्रत्यक्ष भेटेर उहाँको आत्मिक मुहानबाट उहाँको वचन पिउन सक्नेछ। येशूसँगको घनिष्टता र निकटता उहाँसँग मात्र होइन हामीहरू एक आपसमा पनि हुनेछ भनेर माथि उल्लेख गरिएका येशूको वचनहरूले बताउँछन्।

बाइबलमा उल्लेख गरेका भविष्यवाणी तथा प्रतिज्ञाहरू पूरा हुन्छ भनेर समस्त इसाईहरूलाई विश्वास भएको कारणले येशूको आगमनको प्रतिज्ञा र भविष्यवाणी पनि पूरा हुनेछ भन्ने कुरामा तिनीहरूको दुईमत छैन। येशूकै वचनबाट हामीलाई यो प्रतिज्ञा सुनाइएको छ, "म फेरि फर्केर आउनेछु" (यूहन्ना १४:३ रूपान्तरित)। जसरी येशूको प्रथम आगमनको बारेमा पुरानो

करारमा भविष्यवाणी गरे अनुसार नै पूरा भयो त्यसरी नै उहाँको दोस्रो आगमनको बारेमा गरिएको भविष्यवाणी पनि पूरा हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। पापलाई अन्त्य गर्न महिमित मसीह आउनुहुनेछ भनेर परमेश्वरले जलप्रलयभन्दा अघि पूर्खा हनोकलाई भन्नुभएको थियो। उनले यो भविष्यवाणी गरेका थिए, "हेर, आफ्ना दश हजार सन्तहरूको साथमा प्रभु आउनुहुनेछ। उहाँ सबैको इन्साफ गर्न आउनुहुनेछ। अधर्मी, अनिश्वरवादी र दुष्टहरूले गरेका दुष्ट तथा अधर्मी काम कतिको खराब छ भनेर तिनीहरूलाई देखाउन र परमेश्वरको खिलाफमा कठोर, नराम्रो तथा विद्रोही वचनहरू बोल्ने अधर्मी पापीहरूको न्याय गर्न उहाँ आउनुहुनेछ" (यहूदा १४,१५ रूपान्तरित)।

येशू ख्रीष्ट जन्मनुभन्दा एक हजार वर्ष पहिले नै राजा दाउदले उहाँको दोस्रो आगमनको बारेमा भविष्यवाणी गरेका थिए। आफ्ना जनहरूलाई जम्मा गर्न उहाँ आउनुहुनेछ भन्दै उनी भन्दछन् "हाम्रा परमेश्वर आउनुहुनेछ र उहाँ चुपचाप बस्नु हुनेछैन। उहाँको अगाडि आगोको ज्वाला चर्किनेछ र उहाँको वरिपरि आगोको ज्वाला तुफान जस्तै प्रचन्डरूपमा घेरिनेछ। उहाँले माथि स्वर्गलाई र पृथ्वीलाई उहाँका जनहरूलाई न्याय गर्न सम्बोधन गर्नुहुनेछः मेरा सन्तहरूलाई मकहाँ जम्मा गर। जसले दुःखकष्ट र आफ्नो जीवन नै बलि चढाएर मसँग करार बाँध्छन् तिनीहरू मसँग रहनेछन्" (भजन ५०:३-५ रूपान्तरित)।

येशूको दोस्रो आगमन पहिलो आगमनसँग अन्तर सम्बधित छ। विभिन्न अगमवक्ताहरूले येशूको जन्म र सेवाकार्यको बारेमा गरेका भविष्यवाणीहरू (उदाहरणमा उत्पत्ति ३:१५, मीका ५:२, यशैया ११:११, दानिएल ९:२५,२६ आदि) नै उहाँको दोस्रो आगमनको प्रतिज्ञा हो। ती भवष्यवाणीहरू हामीहरूको आशा र विश्वासका जगहरू हुन्। आफूलाई नै बलि चढाएर पाप पन्छाउन येशू आउनुभएको थियो।... त्यसकारण धेरैका पापहरू बोक्न येशू ख्रीष्ट आउनुभएको थियो। ती मानिसहरू जो उत्कुसकतासाथ उहाँलाई पर्खेर बस्छन् तिनीहरूको निम्ति उहाँ दोस्रो पल्ट आउनुहुनेछ। पापलाई हटाउँदै उहाँका जनहरूलाई उद्धार गर्न उहाँ आउनुहुनेछ" (हिब्रू ९:२६,२८ रूपान्तरित)।

**येशूको दोस्रो आगमनको प्रतिज्ञाबाट तपाईंले अहिले नै के आशा र सान्त्वना पाएको अनुभव गर्नुभएको छ?**

## २. पुनर्स्थापनाको प्रतिज्ञा

परमेश्वरप्रति बफादार रहे कहिल्यै नाश नहुने ठाउँ उहाँले इस्राएलीहरूलाई दिने प्रतिज्ञा गर्नुभएको थियो। पापबाट मुक्ति पाएका परमेश्वरका जनहरू त्यहाँ बसोबास गर्नेछन्। यो प्रतिज्ञा यशैया ११:१-१०मा यसरी दिएको छ "१ यिशैको ठुटाबाट एउटा टुसा निस्कनेछ, त्यसका जराहरूबाट निस्केको हाँगाले फल फलाउनेछ। २ परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ– बुद्धि र समझका आत्मा, सल्लाह र शक्तिका आत्मा, ज्ञान र परमप्रभुको भयको आत्मा ३ अनि परमप्रभुको भयमा नै उहाँ प्रसन्न हुनुहुनेछ। आँखाले देखेर उहाँले इन्साफ गर्नुहुनेछैन, र कानले सुनेर मात्र निर्णय गर्नुहुनेछैन। ४ तर खाँचोमा परेकाहरूको न्याय उहाँले धार्मिकतासित गर्नुहुनेछ, र पृथ्वीका गरीबहरूका लागि उहाँले न्यायसित फैसला गरिदिनुहुनेछ। आफ्नो मुखको लाठोले उहाँले पृथ्वीलाई हिर्काउनुहुनेछ, र आफ्नो ओठको सासले दुष्टलाई नाश गर्नुहुनेछ। ५ उहाँको पेटी धार्मिकता हुनेछ, र उहाँको कम्मरको पटुका सत्यता हुनेछ। ६ ब्वाँसोचाहिँ थुमासित बस्नेछ, र चितुवा पाठासित सुतेर बस्नेछ। बाछा, सिंह र एक वर्षे पशु एकैसाथ रहनेछन्, र एउटा सानो बालकले तिनीहरूलाई डोऱ्याउनेछ। ७ गाई र भालू एकैसाथ चर्नेछन्, र तिनीहरूका बच्चाहरू एकैसाथ ढल्केर बस्नेछन्। र सिंहले गोरुले झैं पराल खानेछ। ८ दूधे-बालकले गोमन सर्पको कुरको नजिक खेल्नेछ, र भर्खर दूध छोड़ेको बालकले विषालु सर्पको दुलोमा आफ्नो हात हाल्नेछ। ९ तिनीहरूले मेरा सबै पवित्र पर्वतमा न त केही हानि न नोक्सानी गर्नेछन्, किनकि समुद्र पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ।

१० त्यस दिन मानिसहरूका निम्ति यिशैको वंशबाट एउटा झन्डाजस्तै खड़ा हुनेछ। जाति-जातिहरू उहाँकहाँ भेला हुनेछन्, र उहाँको विश्रामको स्थान महिमामय हुनेछ।"

परमेश्वरले यस पृथ्वीलाई कसरी सृष्टि गर्नुभयो भनेर विवरण दिँदै बाइबल सुरु हुन्छ (उत्पत्ति १,२)। सुरुको सृष्टिको पृथ्वी अत्यन्त सुन्दर र मनमोहक थियो। त्यहाँ कुनै अनमेल थिएन। हामीहरूको प्रथम् पुर्खा आदम र हव्वालाई यस पृथ्वीलाई रखबारी गर्ने जिम्मा सुम्पिएको थियो। मानव जातिको निम्ति सृष्टि गरिएको त्यो पृथ्वी सिद्ध घर थियो। बाइबलको अन्तिम पुस्तक प्रकाश दुई अध्यायहरूमा पनि मुक्ति पाएका मानव जगतको निम्ति त्यही खालको सिद्ध र तालमेल भएको पृथ्वी सृजने परमेश्वरले प्रतिज्ञा गर्नुभएको

पाइन्छ (प्रकाश २१,२२)। तर प्रकाशको पुस्तकको अन्तिम अध्यायहरूमा उल्लेख गरिएको सृष्टिलाई यस पृथ्वीको पुनःसृष्टि, पुनर्स्थापना भन्नु अझ उचित देखिन्छ। पापले तहसनहस पारेको यस पृथ्वीलाई आगोले पगालेर नयाँ बनाउने परमेश्वरको योजना हो।

मुक्ति पाएकाहरू रहने अनन्तको घर कुनै अवधारणा, काल्पनिक, दिवासपना, आदर्श सोचाइ नभएर वास्तविक नै हुन् भनेर बाइबलका विभिन्न ठाउँहरूमा व्यक्त गरिएको पाइन्छ। मुक्ति पाएका मानिसहरू कुनै हावादारी वा जगतमा बिलाएर जाने र अस्तित्वहीन हुने नभएर तिनीहरूले देख्नेछन्, सुन्नेछन्, सुँघ्नेछन्, छुन सक्नेछन्, र नयाँ जीवन पाएर नयाँ अनुभवहरू बटुल्न सक्नेछन। यशैया ११को भविष्यवाणी अत्यन्त सुन्दर भविष्यवाणी हो। मसीह आउनुभएर नयाँ युगको सुरु गर्नुहुन्छ भनेर त्यस अध्यायमा बताइएको छ। उहाँले सबै खालका हिंसाहरू अन्त्य गरेर यस पृथ्वीमा नयाँ युगको सुरुवात गर्नुहुनेछ। त्यहाँ सदासर्वदा शान्ति हुनेछ। शैतानले आफ्नो भनेर दावी गरेर अन्याय, अत्याचार र दुष्टयाईंले राज गरेको यो पृथ्वी र उसलाई सदाको निम्ति अन्त पारेर परमेश्वरले यस पृथ्वीको आधिपत्य फेरि उहाँले नै सम्हाल्नुहुनेछ। त्यसले गर्दा नयाँ पृथ्वीमामात्र होइन सारा जगतमा तालमेलको वातावरण स्थापना हुनेछ।

**नयाँ युग सबैसँग तालमेल भएर चल्नेछ। यस पृथ्वीमा अनेकौं नकारात्मक तरङ्ग ल्याएर मानव जगतलाई तहसनहस पार्ने कुन तत्व बिलाएर जानेछ भनेर प्रकाश २१ः१-८ले बताउँदछ? हेर्नुहोस् "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" ६ उहाँले मलाई भन्नुभयो, "अब**

**सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फोहराबाट म सित्तैंमा दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ। ८ तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो।"**

मुक्ति पाएकाहरूको निम्ति के पर्खेर बसिरहेको छ भनेर एलेन जी ह्वाइटले भन्दछिन्ः "जब अनन्त समयको चक्र घुम्दै जान्छ तब मुक्ति पाएकाहरूले परमेश्वर र येशू ख्रीष्टको अलौकिक महिमित र मूल्यवान चरित्रहरूको रहस्योद्‌घाटन गर्नेछन्। जब प्रगतिशील आत्मज्ञान बढ्दै जान्छ तब त्यहाँ प्रेम, एक आपसमा हुनुपर्ने सम्मान, श्रद्धा र सुख बढ्नेछन्। जति मानिसहरूले परमेश्वरको बारेमा जान्नेछन् त्यतिले उहाँको चरित्रप्रति धेरै सराहना गर्नेछन्। जब शैतानसँगको विवादित युद्धमा उहाँले खेल्नुभएको भूमिकाको अचम्मको उपलब्धी र मुक्तिको बहुमूल्य कदमको आत्मज्ञान मुक्ति पाएकाहरूको सामु येशूले खोलिदिनुहुनेछ तब पापबाट उद्धार पाएकाहरूको हृदय अत्यन्त भावविभोर भएर उहाँप्रति अझ दऱ्हो भक्ति प्रकट गर्नेछन्। तिनीहरूको दरिलो हातमा भएका सुनका तानबाजाहरू चर्को स्वरले घन्किनेछन्। परमेश्वरको स्तुति गर्दै दशौं हजार गुणा वढि दशौं हजार र हजारौं हजार आवाजहरू चर्को स्वरले घन्किनेछन्।"-एलेन जी ह्वाइट, द स्टोरि अभ रिडेमशन, पृ. ४३२,४३३बाट रूपान्तरित।

**परमेश्वरको चरित्रको बारेमा अहिले पनि हामीलाई के थाहा छ? जब हामी हाम्रा विश्वासी जनहरू वा अरूसँग तालमेल र एक भएर जिविका चलाउँछौं तब त्यसले केही हदसम्म परमेश्वरको स्वभावको बारेमा कसरी प्रकट गर्दछ?**

## ३. पुनरुत्थान र टुटेको सम्बन्धको पुनस्थापना

चर्चको सुरुदेखि नै येशूको दोस्रो आगमनको प्रतिज्ञाले परमेश्वरका विश्वासी जनहरूको हृदयहरूलाई सम्हालि राखेको थियो। अनेकौं सतावटको सामना गर्नुपरेतापनि येशू फर्केर आउनुहुनेछ भन्ने वचनले येशूका चेलाहरू बलियो भएर बसेका थिए। जुनसुकै भयानक संघर्ष तिनीहरूले सामना गर्नुपरेतापनि, जुनसुकै कष्ट र नमेटिने दुःख भोग्नु परेतापनि येशूको आगमनमा

तिनीहरूको आशा ठूलो थियो र दोस्रो आगमनले ल्याउने अनेकौं अचम्मका प्रतिज्ञाहरूले तिनीहरूलाई उर्जा मिलेको थियो।

**१ थेस्सोलिनिकी ४:१३-१८मा केही प्रतिज्ञाहरू समावेश भएका छन्। ती प्रतिज्ञाहरूले टुटिएको सम्बन्धहरू फेरि कसरी मिल्नेछन् देखाएका छन्। हेर्नुहोस् "१३ तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।"**

येशूको आगमनले सारा मानव जीवनलाई गहिरो असर पार्नेछ। परमेश्वरको राज्यको पुनर्स्थापनाको महत्त्वपूर्ण पक्ष भनेकै उहाँले चुन्नुभएको जनहरूलाई जम्मा गर्नु हो। "र उहाँले ठूलो तुरहीको आवाजले आफ्ना स्वर्गदूतहरूलाई पठाउनुहुनेछ। चारै दिशाबाट र स्वर्गको एक ठाउँबाट अर्को ठाउँहरूमा उहाँका चुनिएकाहरूलाई जम्मा गर्नेछन्" (मत्ती २४:३१ रूपान्तरित)। त्यो जम्मा गर्ने क्रममा मरेका धर्मीहरू अमर जीवन पाउन पुनरुत्थान गरिनेछन् (१ कोरन्थी १५:५२,५३)। येशूमा मरेकाहरू पहिला उठ्नेछन्" (१ थेस्सोलिनिकी ४:१६ रूपान्तरित)। यही क्षणको निम्ति हामीहरू पर्खिरहेका छौं। पुनरुत्थान हुनेहरू आफ्ना प्रियजनहरूसँग मिल्नेछन्। यही प्रतिज्ञालाई सम्झेर पावल अत्यन्त आनन्दित भएर चिच्याउँछन्: "हे मृत्यु तेरो खिल कहाँ? हे पाताल तेरो बिजय कहाँ?" (१ कोरन्थी १५:१५ रूपान्तरित)।

जब धर्मीहरूको पुनरुत्थान हुन्छ तब तिनीहरू नयाँ, अमर र सिद्ध जीवन धारण गर्नेछ। तिनीहरू रोगले सताएर मरेका होलान्, वृद्धभएर मरेका होलान् वा अङ्गभङ्ग भएर मरेका होलान् तर जब तिनीहरूको पुनरुत्थान हुन्छ

तब तिनीहरूको शरीरमा पापले ल्याउने कुनै पनि दाग हुनेछैन न त पापले ल्याउने बिखण्डन तिनीहरूमा हुनेछ। पुनरुत्थान भएका सन्तहरूले येशू ख्रीष्टको पुनर्स्थापनाको कामलाई पूर्णता दिएको अनुभव गरिनेछन्। सृष्टिमा सृष्टि गरिएको परमेश्वरको सिद्ध स्वरुपलाई (उत्पत्ति १:२६, १ कोरन्थी १५:४६-४९) सन्तहरूले प्रतिबिम्बित गर्नेछन्। येशूको दोस्रो आगमनको समयमा जब मुक्ति पाएकाहरूको पुनरुत्थान हुनेछ तब यस पृथ्वीमा रहेका जीवित धर्मीहरू पनि परिवर्तन हुनेछन्। तिनीहरूलाई नयाँ र सिद्ध शरीरहरू दिइनेछ। "५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ५५ "ए मृत्यु, तेरो विजय कहाँ?
ए मृत्यु, तेरो खील कहाँ?" १ कोरिन्थी १५:५१-५५। यसरी मुक्ति पाएका दुई समूहहरू जो पुनरुत्थान भएका हुन्छन् र जीवितहरू धर्मीमा परिवर्तन भएर "प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं।" (१ थेसलोनिकी ४:१७)।

**आजको वैज्ञानिक युगमा कतिपय इसाईहरूले पनि सबै थोकको वैज्ञानिक व्याख्याहरू खोज्छन्। परमेश्वरको आश्चर्य कामहरूपनि वैज्ञानिक दृष्टिकोणले केलाएर हेर्ने बानी छ। तर पुनरुत्थानको प्रतिज्ञाले केवल परमेश्वरको अलौकिक शक्तिलेमात्र हामीहरूलाई उद्धार गरिनेछ भनेर कसरी सिकाउँछ?**

## ४. मुक्ति पाएकाहरूको निम्ति नयाँ पृथ्वी

**"लौ हेर** म नयाँ आकाशहरू र नयाँ पृथ्वी सृष्टि गर्नेछु। पहिलेका सृष्टिहरू सम्झिनेछैनन् न त कसैको दिमागमा आउने नै छन्" (यशैया ६५:१७ रूपान्तरित)। दुवै अगमवक्ता यशैया र यूहन्नाले (प्रकाश २१:१) प्रतिज्ञा गरिएको नयाँ पृथ्वीको दर्शन देखेका थिए।

**मानिसले कल्पनानै गर्न नसक्ने अचम्मको शहरको बारेमा यूहन्नाले वर्णन गरेका थिए। त्यस नयाँ यरुशलेम सहरमा मुक्ति पाएकाहरू रहने छन्। त्यस**

सहरमा सबै जनहरू एक हुनेछन् र सबैसँग तालमेल भएर चल्नेछन्। हेर्नुहोस् प्रकाश २१ "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" ६ उहाँले मलाई भन्नुभयो, "अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ। ८ तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो। ९ तब ती सात अन्तिम विपत्तिले भरिएका सात कचौरा हुने सात स्वर्गदूतहरूमध्ये एक जना आएर मलाई यसो भने, "आऊ, म तिमीलाई थुमाकी पत्नी, उहाँकी दुलही देखाउनेछु।" १० तिनले मलाई पवित्र आत्मामा एउटा ठूलो र उच्च पर्वतमा लगे, र परमेश्वरबाट स्वर्गदेखि तलतिर झरिरहेको पवित्र सहर यरूशलेम मलाई देखाए। ११ त्यसमा परमेश्वरको महिमा थियो, र त्यसको चमक बहुमूल्य रत्नहरू तथा बिल्लौर स्फटिकजस्तो चहकिलो थियो। १२ त्यसको वरिपरि ठूलो र अल्गो पर्खाल थियो, र त्यसमा बाह्र ढोका थिए। ढोकाहरूमा बाह्र स्वर्गदूत थिए। ती ढोकाहरूमा इस्राएलका बाह्रै कुलका नाउँ लेखिएका थिए। १३ पूर्वमा तीन ढोकाहरू, उत्तरमा तीन, दक्षिणमा तीन र पश्चिममा तीन ढोकाहरू थिए। १४ सहरको पर्खालका बाह्र जग थिए। तीमाथि थुमाका बाह्रै प्रेरितहरूका बाह्र नाउँ लेखिएका थिए। १५ सहर र त्यसका ढोकाहरू र पर्खाल नाप्नलाई मसँग बोल्नेसँग एउटा सुनको नाप्ने टाँगो थियो। १६ त्यो सहर वर्गाकार थियो।

त्यसको चौडाइ र लमाइ समान थियो। तिनले त्यस टाँगोले नाप्दा त्यो सहर
दुई हजार चार सय किलोमिटर थियो। त्यसको लमाइ, चौडाइ र उचाइ बराबर
थियो। १७ स्वर्गदूतले त्यसको पर्खाल पनि नापे, र मानिसले चलाएको
नापअनुसार त्यो पैंसट्ठी मिटर थियो। १८ त्यो पर्खाल बिल्लौरले बनेको थियो, र
सहरचाहिँ निखुर सुनले बनेको थियो र सफा काँचजस्तै त्यो चम्कन्थ्यो। १९
पर्खालका जगहरू अनेक किसिमका बहुमूल्य रत्नहरूले जड़िएका थिए। पहिलो
जग बिल्लौरको, दोस्रो नीर, तेस्रो हरित रत्न, चौथो पन्ना, २० पाँचौं आनिक्स, छैटौं
लालमणि, सातौं पीतमणि, आठौं बेरूज, नवौं पुष्पराज, दशौं लसुने, एघारौं नीलमणि
र बाह्रौं, कटेलाको थियो। २१ ती बाह्र ढोकाचाहिँ बाह्र मोतीका थिए। प्रत्येक
ढोका मोतीको थियो। त्यस सहरको सड़क चहकिलो शीशाजस्तै निखुर सुनको
थियो। २२ मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकि त्यहाँको मन्दिर
स्वयम् परमेश्‍वर सर्वशक्तिमान् र थुमा नै हुनुहुन्छ। २३ त्यो सहर उज्यालो
गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने परमेश्‍वरको महिमा नै त्यसको
उज्यालो हो। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ। २४ त्यहाँकै उज्यालोमा
जाति-जातिहरू हिँड्डुल गर्नेछन्। पृथ्वीका राजाहरूले आफ्ना वैभव त्यसमा
ल्याउनेछन्। २५ दिनमा त्यसका ढोकाहरू कुनै किसिमले बन्द हुनेछैनन्, र
त्यहाँ रात नै हुनेछैन। २६ तिनीहरूले जाति-जातिहरूका वैभव र सम्मान
त्यसभित्र ल्याउनेछन्। २७ तर थुमाका जीवनको पुस्तकमा नाउँ
लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्ने कुनै
किसिमले पनि त्यसभित्र पस्नेछैन।"

प्रकाश २२:१-७ पढ्नुहोस्। त्यसमा जीवनको नदी परमेश्‍वरको
सिंहासनबाट बग्नेछन्। त्यस नदीको किनारामा जीवनको रूख हुनेछ। नदी र
रुख नयाँ सहरको अर्को विशेषता हो। नयाँ पृथ्वीमा त्यसको लक्ष्य के हो?
हेर्नुहोस् "१ तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी
देखाए। त्यो नदी परमेश्‍वरको र थुमाको सिंहासनबाट निस्की २ त्यस सहरका
सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष
थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका
पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए। ३ अबदेखि उसो
त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्‍वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र
उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। ४ तिनीहरूले उहाँको मुहार
देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। ५ त्यहाँ फेरि रात

**हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्। ६ तिनले मलाई भने, "यी वचन भरपर्दा र सत्य छन्। अब चाँडै हुन आउने कुराहरू आफ्ना दासहरूलाई देखाउन परमप्रभु, अगमवक्ताहरूका आत्माका परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनुभयो।" ७ "हेर, म चाँडै आउँदैछु। यस पुस्तकको अगमवाणीका वचन पालन गर्ने धन्यको हो।"**

आदमको पापले गर्दा गुमाउनु परेको जीवनको रूख (उत्पत्ति ३:२२-२४) नयाँ यरुशलेममा येशू ख्रीष्टिले पनस्थापना गर्नुहुनेछ। जो बिजयी जीवन बिताउँछ (प्रकाश २:७) त्यसले त्यस रुखको फल खानेछ भन्ने प्रतिज्ञा अरू धेरै प्रतिज्ञाहरूमध्ये एक हो। बाऱ्ह महिनाको प्रत्येक महिनामा नयाँ फल फल्नेछ (प्रकाश २२:२)। त्यसको अर्थ नयाँ पृथ्वीमा यो पनि हुनसक्छ "एक औँसीदेखि अर्को औँसीसम्म र एक साबथदेखि अर्को साबथसम्म सबै जीवहरूले मकहाँ आएर मेरो आराधना गर्नेछ, परप्रभुले भन्नुहुन्छ" (यशैया ६६:२३ रूपान्तरित)। जाति जातिलाई निको पार्ने भन्नुको अर्थ मानिसहरूको बीचमा भएका सबै तगारोहरू हट्ने र सृष्टिमा जुन् उद्देश्यले मानव जाति सृष्टि गरिएको थियो त्यही अवस्थामा पुऱ्याइनेछ । परमेश्वरको महिमाको निम्ति जिउन सारा मानव प्राणी, जाति र राष्ट्रहरू एक अविभाजित परिवार हुनेछ। तिनीहरू एक आपसमा तालमेल गरेर शान्तिपूर्वक जीवन अपनाउनेछन्।

"जातिजातिलाई निको पारिनेछ भन्नुको अर्थ सबै देश देशहरूको बीचमा हुने भाषाजस्ता कुनै पनि तगारोहरू हटाइनेछ। यस मानव जगतमा मानिस मानिसलाई अलग राख्ने अनेकौं तगारोहरू छन् र तिनीहरूलाई हटाउन आवश्यक छ।...जीवनको रूखको पातहरूले राष्ट्र राष्ट्रहरूको बीचमा भएका अविश्वासको वातावरणलाई निको पार्नेछन्। देश, विदेश, छुत, अछुत, स्वजाति अन्य जाति जस्ता भेदभाव ल्याउने जस्ता तत्वहरू हटेर सत्य परमेश्वरको एक परिवार भएर रहनेछन्। सयौं वर्ष अघि अगमवक्ता मीकाको भविष्यवाणी अब पूरा हुनेछन् "१ पछिल्ला दिनहरूमा परमप्रभुका मन्दिरको पहाड़चाहिँ पहाड़हरूमा प्रमुखझैं स्थापित हुनेछ, र त्यो सबै डाँड़ाहरूभन्दा माथि उठाइनेछ, र मानिसहरू त्यहाँ ओइरिएर जानेछन्। २ धेरै जाति-जातिहरू आएर भन्नेछन्, "आओ, हामीहरू परमप्रभुको पर्वत, याकूबका परमेश्वरको भवनमा जाऔं। उहाँले हामीलाई आफ्नो मार्ग सिकाउनुहुनेछ, ताकि हामी उहाँको मार्गमा हिँड्न सकौं।" व्यवस्था सियोनबाट र परमप्रभुको वचन यरूशलेमबाट निस्कनेछन्।

३ उहाँले धेरै मानिसहरूका बीचमा इन्साफ गर्नुहुनेछ, र टाढ़ा-टाढ़ासम्मका बलिया जातिहरूका निम्ति झगड़ाको फैसला गर्नुहुनेछ। तिनीहरूले आफ्ना तरवारहरू पिटेर हलोका फाली र भालाहरू पिटेर छिमल्ने हँसिया बनाउनेछन्। जाति-जातिहरूले एक-अर्काको विरुद्धमा तरवार चलाउनेछैनन्, न त तिनीहरूले फेरि कहिल्यै लड़ाइँ गर्न तालीम लिनेछन्। ४ हरेक मानिस आफ्नो दाखको बोट र आफ्नो नेभाराको बोटमुनि बस्नेछ, र कसैले तिनीहरूलाई डर देखाउनेछैन, किनकि सर्वशक्तिमान् परमप्रभुले नै बोल्नुभएको छ। ५ सबै जातिहरू आफ्ना-आफ्ना देवताका नाउँमा हिंडून्, तर हामीचाहिँ सदासर्वदै परमप्रभु हाम्रा परमेश्वरको नाउँमा हिंड्नेछौं।" (मीका ४:१-५)। यही अपेक्षा अगमबक्ता यशैयाले पनि गरेका थिए "१ आमोजका छोरा यशैयाले यहूदा र यरूशलेमको विषयमा देखेका कुरा यही होः २ पछिल्ला दिनमा परमप्रभुको मन्दिर बसालिएको पर्वत सबै पर्वतहरूभन्दा मुख्य रूपमा स्थापना हुनेछ। डाँड़ाहरूभन्दा माथि त्यो उच्च उठाइनेछ, र सबै जातिहरू त्यहीँ ओइरिएर आउनेछन्। ३ धेरै मानिसहरूले आएर भन्नेछन्, “आओ, हामी परमप्रभुको पर्वत, याकूबका परमेश्वरको भवनमा जाऔं। उहाँले हामीलाई आफ्नो मार्ग सिकाउनुहुनेछ, ताकि हामी उहाँको बाटोमा हिंड्न सकौं।” व्यवस्था सियोनबाट र परमप्रभुको वचन यरूशलेमबाट निस्कनेछन्। ४ उहाँले जातिहरूका बीचमा इन्साफ गर्नुहुनेछ, र उहाँले धेरै मानिसहरूका झगड़ा मिलाइदिनुहुनेछ। तिनीहरूले आफ्ना तरवारहरू पिटेर हलोका फाली र भालाहरू पिटेर छिमल्ने हँसिया बनाउनेछन्। जाति-जातिहरूले एक-अर्काको विरुद्धमा तरवार चलाउनेछैनन्, न त तिनीहरूले लड़ाइँ गर्न तालीम लिनेछन्। ५ हे याकूबका घराना, आओ, हामी परमप्रभुको ज्योतिमा हिंड़ौं।" (यशैया २:१-५)। नदिको किनारामा मुक्ति पाएकाहरूले आफ्नो छिमेकीलाई जीवनको रूखमुनि सँगै बस्न निम्तो दिनेछन् (जकरिया १३:१०)। रूखको पातमा यस्तो निको पार्ने गुण हुनेछ कि मानिस जातिमा विभिन्न कारणले मनमा पारेको घाऊचोट निको हुनेछ। मानिसहरू जातजातिको कारणले, रङ्गभेदको कारणले, अल्पसंख्यक वा बहुसंख्यक समुदायको कारणले, भाषाभाषीको कारण आदिले युगौंदेखि टुक्रिएका छन् र बिभाजित भएका छन्। ती सबै हट्नेछन्।"-रान्को स्टफमोभिक, रिभलेशन अभ जीसस क्राइष्टः कमेन्ट अन द बुक अभ रिभलेशन, पृ. ५९३बाट रूपान्तरित।

## ५. नयाँ पृथ्वीमा जीवन

अहिले हामी नाजुक जीवन बिताइरहेका छौं। रोग व्याधी, आतङ्क, अशान्ति, हिंसा, युद्ध जस्ता अनेकौं अमानवीय जीवनको सामना गरिरहेकाछौं। तर नयाँ पृथ्वीमा हामी नयाँ युगमा प्रवेश गर्नेछौं। त्यस समयको जीवन अहिलेको भन्दा अत्यन्त भिन्नै हुनेछ। वर्तमान पापमय युग फेरि कहिल्यै पनि दोहोरिनेछैन। हेर्नुहोस् देहायका केही पदहरूः " १ मरुभूमि र निर्जल-भूमि हर्षित हुनेछन्। उजाड़-स्थान रमाउनेछ र फुल्नेछ। केशरझैं २ त्यो फुलेर फक्रनेछ। यो अत्यन्त प्रफुल्लित हुनेछ, र हर्षले गाउँदै रमाहट गर्नेछ। लेबनानको गौरव, कर्मेल र शारोनको शोभा त्यसलाई दिइनेछ। तिनीहरूले परमप्रभुको महिमा र हाम्रा परमेश्वरको ऐश्वर्य देख्नेछन्। ३ कमजोर हातहरू बलिया बनाओ, र दुर्बल घुँड़ाहरू दह्रा पार। ४ डरले हृदय भरिएकाहरूलाई भन, "साहस गर, नडराओ। तिमीहरूका परमेश्वर बदला दिनलाई आउनुहुनेछ, ईश्वरीय प्रतिफलसहित तिमीहरूलाई बचाउनलाई उहाँ आउनुहुनेछ।"

५ तब अन्धाहरूका आँखा खोलिनेछन्, र बहिराहरूका कान उघारिनेछन्। ६ तब लङ्गड़ाहरू मृगझैं उफ्रनेछन्, र गूँगाहरूको जिब्रोले स्तुति गर्नेछ। उजाड़-स्थानमा पानी फुटेर निस्कनेछ र मरुभूमिमा खोलाहरू बग्नेछन्। ७ गर्मीले डढ़ेको बालुवा दह हुनेछ, र सुक्खा भूमिमा पानीका मूल फुट्नेछन्। स्यालहरू बस्ने ठाउँमा घाँस, काँस र कूश उम्रनेछन्। ८ त्यहाँ एउटा मूलबाटो हुनेछ, त्योचाहिँ पवित्रताको बाटो भनिनेछ। कोही अशुद्ध जन त्यसबाट भएर जानेछैन। तर त्यस मार्गमा हिंड्नेहरूका निम्ति मात्र त्यो हुनेछ। दुष्ट मूर्खहरू त्यसबाट जान पाउनेछैनन्। ९ त्यहाँ कुनै सिंह हुनेछैन, न त कुनै हिंसक पशु त्यहाँबाट भएर जानेछ। ती त्यहाँ पाइनेछैनन्। तर उद्धार पाएकाहरू मात्र त्यहाँ हिंड्नेछन्, १० अनि परमप्रभुले मोल तिरेर छुटकारा दिनुभएकाहरू फर्केर आउनेछन्। तिनीहरू सियोनमा गाउँदै पस्नेछन्। सदासर्वदाको आनन्द तिनीहरूका शिरको मुकुट हुनेछ। तिनीहरूले रमाहट र आनन्द प्राप्त गर्नेछन्, र शोक र सुस्केरा दूर हुनेछन्।" (यशैया ३५) र " १७ "हेर, म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्नेछु। अघिअघिका कुराहरूको सम्झना हुनेछैन, न त ती मनमा आउनेछन्। १८ तर मैले सृष्टि गर्ने कुरामा सदासर्वदा आनन्द गर र हर्ष मनाओ। किनकि म यरूशलेममलाई हर्षदायक र त्यसका मानिसहरूलाई आनन्ददायक तुल्याउनेछु। १९ म यरूशलेमदेखि हर्षित हुनेछु, र मेरो प्रजामा खुशी हुनेछु, र त्यहाँ रुवाइ र कराइको आवाज फेरि कहिल्यै सुनिनेछैन।

२० "थोरै दिनसम्म बाँच्ने बालक वा आफ्नो पूरा उमेरसम्म नबाँच्ने वृद्ध मानिस त्यहाँ कहिल्यै हुनेछैन। सय वर्षसम्म बाँचेर मर्नेचाहिँ जवान मानिनेछ, र सय वर्षसम्म नबाँच्नेचाहिँ श्रापित मानिनेछ। २१ तिनीहरूले घर बनाएर तिनमा वास गर्नेछन्। तिनीहरूले दाखबारी लगाएर तिनका फल खानेछन्। २२ तिनीहरूले घरहरू बनाएर तिनमा अरूहरू बस्ने, र तिनीहरूले रोपेर अरूहरूले खाने कहिल्यै हुनेछैन। किनकि रूखको आयु जस्तै मेरा प्रजाको आयु हुनेछ, र मेरा छानिएकाहरूले आफ्ना हातले गरेका काम धेरै दिनसम्मै भोग गर्नेछन्। २३ तिनीहरूले व्यर्थमा परिश्रम गर्नेछैनन्, अथवा विपत्तिको निम्ति बालकहरू जन्माउनेछैनन्। किनकि तिनीहरू, तिनीहरूका वंशसमेत परमप्रभुको आशिष् पाएका प्रजा हुनेछन्। २४ तिनीहरूले बिन्ती गर्न अघि नै म जवाफ दिनेछु। तिनीहरूले बोल्दाबोल्दै तिनीहरूका कुरा म सुन्नेछु। २५ ब्वाँसो र थुमा एउटै ठाउँमा एकसाथ खानेछन्, र सिंहले चाहिँ गोरुले झैं पराल खानेछ, तर सर्पको आहारा धूलो हुनेछ। मेरो सारा पवित्र पर्वतमा तिनीहरूले न त नोक्सानी गर्नेछन्, न नष्ट गर्नेछन्," परमप्रभु भन्नुहुन्छ।" (यशैया ६५:१७-२५)

यशैयाको पुस्तकमा हामीहरूले धेरै नयाँ कुराहरूको बारेमा पढ्छौंः "नयाँ थोकहरू" (४२:९, ४८:६), "नयाँ गीत" (४२:१०), "नयाँ वस्तु" (४३:१९), "नयाँ नाउँ" (६२:२)। यशैया ६५मा के नयाँ कुराहरू छन् भने नयाँ पृथ्वीमा सबै थोक नयाँ गरेर बन्दोबस्त हुनेछ। परमेश्वरका सबै जीवहरूमा शान्ति र तालमेल अर्थात् पारस्परिक समझदारी हुनेछन्। पापले गर्दा अनाज्ञाकारी, विद्रोही, अधर्मी, हत्याहिँसाको श्राप पाएको यस पृथ्वी (लेबी २६:१४-१७, व्यवस्था २८:३०) सदाको निम्ति रद्द हुनेछ। नयाँ पृथ्वीमा पाप हुनेछैन न त पापको उदय फेरि कहिल्यै हुनेछ। त्यहाँ प्रशस्त आशिषले भरिनेछ। मानिसहरू बस्न घरहरू हुनेछन् र रमाइलोमानि खान खानाहरू पनि हुनेछन्।

यस्तो सुन्दर रमणीय, सत्य आनन्ददिने ठाउँको जीवन कस्तो होला? कतिपय मानिसहरूले सोच्दछन्, नयाँ पृथ्वीमा जब हामी अमरत्व जीवन पाएर बस्नेछौं तब के हामीले एक अर्कोलाई चिन्नेछौं र? परमेश्वरको स्वरुपमा हामी पुनर्स्थापित हुन गयौं भने के हामी टायरको हावा फुस्केर बाहिर हावामा मिलेर हराएको जस्तै परमेश्वरमा विलय भएर जानेछौं र? परमेश्वरको स्वरुपमा लिन हुनुभनेको के हामीहरूको व्यक्तित्व वा पहिचान नष्ट पारिनु हो र? तर यस्तो खालको धारणा, दर्शन अनुमान बाइबल सम्मत छैन। जब येशूको पुनरुत्थान

भयो, उहाँका चेलाहरूले उहाँलाई चिन्न सकेका थिए। मेरीले उहाँको आवाजलाई चिन्न सकेकी थिइन् (यूहन्ना २०:११-१६)। येशूको भौतिक शरीरलाई उहाँको चेला थोमासले चिन्न सकेको थियो (यूहन्ना २०:२७,२८)। ईम्मायुसको बाटोमा हिँडिरहेका दुई जना चेलाहरूले खाना खाने समयमा उहाँको बानीले उहाँलाई चिन्न सकेका थिए (लूका २४:३०,३१,३५)। जसरी येशू पुनरुत्थान हुँदा उहाँको शरीरलाई चेलाहरूले चिन्न सकेका थिए, यदि हामीहरूको शरिर पनि त्यही खालको भएर एक आपसमा चिन्न सकिने भयौं भने हामी अनन्त जीवनको प्रतिक्षा गर्न सक्छौं जहाँ हामीहरूको पुनर्मिलन हुनेछ। यसै विषयमा पावल पनि यसरी आफ्नो विश्वास प्रकट गर्दछन् " अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु।" (१ कोरिन्थी १३:१२))। त्यसकारण अहिले हामीले चिनेकाहरूसँग र प्रेमी जनहरूसँग हामीहरूको सम्बन्ध अनन्तसम्म रहिरहनेछ भन्ने कुरामा हामी ढुक्क हुनसक्छौं।

"जसरी यस पृथ्वीमा एक आपसमा चिनिएका हुन्छन् त्यसरी नै नयाँ पृथ्वीमा मुक्ति पाएकाहरुले एक आपसमा चिन्नेछन्। परमेश्वर आफैले मानिसहरूको हृदयमा रोप्नुभएको प्रेम र सहानुभूतिहरू सच्चा र अत्यन्त मिठास तरिकाले अनुभव गर्नेछौं। पवित्र जनहरूसँग शिद्ध कुराकानी, आशिषले भरिएका स्वर्गदूतहरूसँग हामीहरूको मधुर सामाजिक जीवन, पापले फोहर भएका वस्त्रहरू येशूको रगतले पखालिएर स्वच्छ भएका युगौं युगदेखिका प्रभुका भक्त जनहरूसँग मिलन र सारा स्वर्ग र पृथ्वीका परिवारहरूसँग (एफिसी ३:१५) प्रभुको प्रतापले मिठो र पवित्र बन्धन आदिमा मुक्ति पाएकाहरूको खुशियाली र आनन्द समावेश हुनेछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ६७७बाट रूपान्तरित।

**"१६ यसकारण हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ। १७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ। १८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।" (२ कोरिन्थी ४:१६-१८। यस अस्थायी र क्षणिक संसारमा कुनै पनि मानिस**

**वा दर्शनले सोचेको भन्दा अपार सोच गरेर अदृश्य र अनन्तको अवधारणालाई हामीहरूले कसरी पकडि राख्ने?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित *काउन्सिल फर द चर्चको* पृ. ३५५-३५९को लेख "बिहोल्ड, आइ कम क्विक्ली", *एलेन जी ह्वाइट इन्साइक्लोपिडिया* पृ. १०८२-१०१८४को "रिजरेक्सन" र पृ. ८६३,८६४को लेख "हेभेन एण्ड न्यु अर्थ" पढनुहोस्।

"हाम्रो प्रभुको पुनरुत्थान र स्वर्गमा उक्लिएर जानुभएको अविवादस्पद घट्ना नै निश्चित प्रमाण हो कि सन्तहरूले मृत्यु र चिहानबाट बिजयी प्राप्त गर्नेछन्। जसले आफ्ना चरित्रको वस्त्र थुमाको रगतले धोएर सेतो पार्दछ ऊसँग सारा स्वर्ग साथमा छ भन्ने प्रमाण पनि येशूको पुनरुत्थान र स्वर्गारोहणले दिँदछ। मानव जातको प्रतिनिधि भएर येशू पिताकहाँ उक्लिनुभएको थियो र जो मानिसहरूले परमेश्वरको स्वरुपलाई प्रतिबिम्ब गर्दछन् उहाँलाई हेर्न र उहाँको महिमामा सहभागी हुन परमेश्वरले आफूकहाँ ल्याउनुहुनेछ।

"नयाँ पृथ्वीमा प्रभुका जनहरूको निम्ति घरहरू हुनेछन्। धर्मीहरूको निम्ति वस्त्र हुनेछन्। तिनीहरूले महिमाको श्रीपेच पहिरिनेछन् र विजयका पातहरू तिनीहरूले हल्लाउनेछन्। परमेश्वरको सुरक्षात्मक क्रियाकलापमा रणभुल्लमा परेका हामी सबैलाई नयाँ पृथ्वीमा सजिलैसँग प्रष्ट पारिनेछ। अहिले हामीहरूलाई बुझ्न कठिन विषयहरू त्यसबेला राम्रोसँग व्याख्या गरिनेछ। अनुग्रहका रहस्यहरू हाम्रो सामु उघारिनेछ। अहिले हामीहरूको सिमित दिमागले भ्रम र टुट्ने प्रतिज्ञाहरूका खोलाहरूमा पौडि खेलिरहेका हुन्छौं तर त्यसबेला सबै थोक सिद्ध र सुन्दर तालमेलको वातावरण हामीले देख्नेछौं। अहिले आगोको भट्टीमा जस्तो पोलेर कष्ट भोगेकाहरूले परमेश्वरको अनन्तको प्रेमको कारणले नै भोगेका हौं भनेर त्यसबेला छर्लङ्ग पारिनेछ। जब परमेश्वरको कोमल हेरचाहले गर्दा सबै थोक हामीहरूकै भलाईको निम्ति काम गरिरहेको रहेछ भन्ने आत्मज्ञानको महसुस हामी गर्दछौं तब हामीहरूको हृदय यस्तो आनन्दित भएर उर्लनेछ कि त्यसको वयान गर्न शब्दहरू नै हुँदैनन्। हामीहरू सबै परमेश्वरको पूर्ण महिमामा सहभागि हुनेछौं।"-एलेन जी ह्वाइट, *काउन्सिल फर द चर्च,* पृ. ३५८बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) प्रायजसो सबै इसाईहरूले येशूको प्रत्यक्ष वा सबैले देख्ने गरेर आउने दोस्रो आगमनप्रति  विश्वास र प्रचार नगरेतापनि सेभेन्थ-डे एडभेन्टिस्टहरूमा के विशेष आशा छ जसले गर्दा हामीहरूलाई अरू इसाईहरूभन्दा छुट्टै पहिचान दिन्छ?

आ) दुई वटा माछाहरू पानीमा पौडि खेलिरहेका थिए। एउटाले अर्कोलाई सोध्यो, "पानी कस्तो छ?" अर्कोले जवाफ दियो, "पानी भनेको के हो?" यहाँ के भन्न खोजिएको छ भने हामीहरूको दैनिक जीवनमा कतिकुराहरू ख्यालै नगरि गुज्रिरहेको हुन्छ जसले गर्दा ती कुराहरू कतिको महत्त्वपूर्ण छन् भनेर हामीले महसुस गर्दैनौं। हामी पापमा जन्मेका मानिसहरू पापले नै भरिएका मानिसहरू र पापमय संसारमै रहिरहेका मानिसहरूले नयाँ स्वर्ग र नयाँ पृथ्वीको अस्तित्वलाई बुझ्न र त्यसप्रति चासो राख्न साँच्चिक्कै के हामीहरूलाई फुर्सद छ र? तर हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले जतिसुकै हामीहरूको ज्ञान सिमित भएतापनि भविष्यको आशाको कल्पना गरिरहनु कतिको महत्त्वपूर्ण छ सो ख्याल गर्नु जरुरी भएको मानिरहनुपर्दछ।

इ) नयाँ पृथ्वीमा हामीहरूको अस्तित्व जुनसुकै स्थितिमा भएतापनि त्यसबेला समस्त मानव प्राणी र जगतका जीवहरूसँग तालमेल भएर एक भएर जिउने कुरामा द्विविदा छैन। भविष्यमा के हुनेछ त्यसको निम्ति अहिले नै हामीहरूले कसरी तयार भएर बस्ने?

**सारांशः** पापले गर्दा तहसनहस भएको यो पृथ्वी सदाको निम्ति मेटिएर नयाँ सृष्टि हुनेछ भनेर बाइबलले दृढ भएर बोल्दछ। अन्तमा गएर परमेश्वरको सुरुको योजना अनुसार मानिस परमेश्वरको स्वरुपमा पुन सृष्टि हुनेछ र सबै मानिसहरू तालमेल गरेर रहनेछन्। येशूसँग हामीहरूको बर्तमान आत्मिक एकतालाई पूर्णरूपमा अनुभूति गर्न नसकेतापनि त्यसबेला हामीहरूको आत्मियता येशूसँग जिवित भएर बस्नेछ र यो हामीहरूको अनन्त जीवनको वास्तविकता हो।

## कथा १३
## रिसाउने बानी
### आन फोनगचान, ३८ थाइल्याण्ड

अहिलेसम्म हामीले म्यानमार, कम्बोडिया, इन्डोनेसिया, इस्ट टिमोर र थाइल्यान्डका मानिसहरूलाई कथाहरूमार्फत हामीले भेट्यौं। अब अन्तिम कथामा फेरि थाइल्यान्डबाट एउटा थप कथा पढ्नेछौं।

सानैदेखि नै आन हठी र रिसाही थिइन्। यहाँसम्म कि आफ्नी शिक्षिकालाई मन नपरेको कारण हाइस्कूल क्लासै छोड्ने निर्णय गरेकी थिइन्। जब आमाले आफूलाई मोटरसाइकल चढ्न नदिँदा मोटरसाइकलको चेन नै करौंतीले काटी दिएकी थिइन्। त्यसकारण जब उनी थाइल्यान्डको एशिया पासिफिक इन्टरनेशनल युनिभर्सिटीमा पढ्न गइन् तब उनकी आमा पनि उक्त स्कूलको नजिकै सरिन्। उनी चाहन्थिन् कि आफ्न छोरीको रिसले गर्दा उनलाई केही नहोस्।

"मेरो रिसाहा बानीले गर्दा मेरी आमाले ममाथि भरोसा राखेकी थिइनन्। मलाई जे चाहियो त्यही पाउन म जिद्दी गर्थें। मेरो रिसले गर्दा जेलमा पर्छु होलाकी भनेर मेरी आमा डराएकी थिइन्" आनले आफ्नो कमजोरी नलुकाइकन भनिन्।

कलेजमा आनले प्रार्थना गर्न सिकिन् र परमेश्वरले अचम्म तरिकाले उनको प्रार्थनाको जवाफ दिनुभएको थियो। कलेजको पढाई सकिएपछि आफ्नो हृदय येशूलाई दिइन् र बप्तिस्मा लिइन्।

तर इसाई नभएका साथीहरूले उनको निर्णयलाई खिल्ली उडाए। एक जनाले उनलाई गाली गर्दै भनिन् "तँ त मूर्ख छेस्।" अर्कीले भनिन् "कसैले मन नपाराएको सानो झुण्डमा किन समावेश भयौ?" तर निडर भएर आनले जवाफ दिइन्, "तिमीहरूले ठानेको जस्तो म मूर्ख होइन। मेरो विश्वाससँग म खेलबाड गर्दिन। मैले इसाई हुन निर्णय गरें र त्यसमैमा म रहन्छु।" तर सबभन्दा ठूलो समस्या त घरबाट पो आयो। बालककालदेखि मानेको विश्वासलाई उनले छोडेकी हुनाले उनकी आमा उनीसित धेरै रिसाइन्। उनलाई पुरानै आस्थामा फर्कन जोड गरिन्। उनलाई चर्च जान रोक लगाइन्। आमाले उनलाई मन्दिरमा लगिन् र त्यहीं सुताउन प्रयास गरिन्।

उनको परिवारको देवतालाई पूजा गर्न पत्र लेख्न आमाले कर गर्दा उनले भनिन् "मेरो अब एकमात्र परमेश्वर हुनुहुन्छ।" अत्यन्त रिसले जुर्मुरिएर आमाले उनलाई तिनीहरूको बैङ्कमा भएको घरमा उनलाई थुनी दिइन्। "तिमी घरमै बस। म तिमीलाई खान दिन्छु। तिमी कहीँ जानुपर्दैन" आमाले उनलाई आफ्नो रिस पोखाइन्। आन झ्याल खोलेर बाहिर भाग्न सक्थिन् वा ढोकाको साँचो खोलेर बाहिर जान सक्थिन्। तर आफ्नो पुरानो रिसलाई उनले मन पराएकी थिइनन्। त्यसकारण आमा जति रिसाएतापनि उनी चुपचाप सहेर बसिन्। उनले घरमा आफूले गर्नुपर्ने काम गरिन् र शान्तसँग बाइबल पढिन्। उनले पढेका कुराहरू त्यस्तरी बुझेकी त थिइनन्। तर जे पढेपनि उनको दिमागमा सञ्चो पारिदिएको थियो।

एकदिन आमाले उनलाई सोधिन् "के तिमी अब पहिलेकै विश्वासमा फर्किन्छौ?" "अहँ, माफ गर्नुहोस् आमा। मैले येशूलाई विश्वास गरिसकेकी छु।" "ल त ठिकै छ। तिमी चर्च जान सक्छ्यौ" आजित भएर आमाले जवाफ दिइन्। आन अत्यन्त खुशी भइन्। उनी एडभेन्टिस्ट चर्चमा जान थालिन्। आमालाई पनि चर्चमासँगै जान अनुरोध गरिन्।

आमाको रिस मरिसकेको थियो। उनी खुशीले हाँस्दै थिइन्। पछिमात्र आमाले आनलाई भनिन् उनी किन खुशी थिइन्। "कसलाई धन्यवाद दिने मलाई थाहा थिएन, कलेजका शिक्षकहरूलाई कि परमेश्वरलाई। मलाई नयाँ छोरी दिइएको छ" आमाले मन खोलेर भनिन्। तर परमेश्वरको शक्ति हो भनेर आनले भनिन्। "म अत्यन्तै रिसाही थिएँ। ममा त्यो रिस आमाले देख्न छोडेकी थिइन्" आनले भनिन्।

आज त्यही आन एडभेन्टिस्ट इन्टरनाशनल मिशन स्कूलकी प्रिन्सिपल छिन्।

**एक छिन थप**: आनको आफ्नै शब्दहरूमा रिसबाट पाठः परमेश्वरले मलाई धेरै माया गर्नुहुन्छ। मेरी एक जना साथी अस्ट्रेलियामा गइन् र थाइलाण्डमा रहेको उनको आमाबाबुकहाँ कहिलेकाहीँ भेट्न जान मलाई अनुरोध गरिन्। साथीका आमाबाबुको घर मेरो घरबाट केही टाढा पर्थ्यो। तिनीहरूको घर जान मैले नक्सा हेर्नुपर्थ्यो। जब म पहिलोपल्ट तिनीहरूकहाँ गएँ तब मैले मेरो झोलाभरि खानेकुराहरू लगिदिएँ र टेम्पो चढेर बसस्टमा गएँ। आधि बाटो गएपछि टेम्पो ड्राइभरले अचानक मलाई भन्यो "म तपाईंलाई पुऱ्याउन सक्दिनँ। के म अर्को

टेम्पोलाई बोलाऊँ?" दोस्रो ड्राइभरले मलाई लग्न त लग्यो तर गलत ठाउँमा लग्यो। मैले तेस्रो टेम्पो चढैं। बसस्टप पुग्न मलाई कमसेकम दुई घन्टा लाग्यो। मलाई अती नै रिस उठिरहेको थियो। म कसैसँग बोल्न चाहेकी थिइन्। बस स्टपमा आएपछि मलाई बसको एउटा मानिसले सोध्यो, "तपाईं कहाँ जाँदै हुनुहुन्छ?" "म पछि भनौंला" भनेर मैले जवाफ दिएँ। चुपचापसँग बसिसकेपछि मैले टिकट किने र अर्को बसमा जान पर्खिरहें। मेरो साथीको आमाबाबुको घरमा बसबाट जाँदै गर्दा हामीले धेरै बिग्रिएको बस देख्यौं। हाम्रो ड्राइभरले रोकेर त्यस बसको फोटो खिँच्न थाल्यो। त्यस बसको दुर्घट्नामा धेरै मानिसहरूको मृत्युभयो भनेर बस ड्राइभरले हामीलाई भन्यो। " हाम्रो बसभन्दा ठिक अघि त्यही बस गएको थियो" ड्राइभरले हामीलाई भन्यो। मैले यो महसुस गरें कि म त्यही बसमा जानुपर्ने थियो। तर त्यो बस मिस भयो किनभने म त्यस बस स्टपमा ढिलो पुगेको थिएँ। मेरा साथीका आमाबाबुहरू मलाई देखेर खुशी भए। "तिमी त्यही बसमा थियौ भनेर हामी चिन्ता गर्दै थियौं" आमाले भनिन्। "परमेश्वर असल हुनुहुन्छ" मैले साथीका आमाबाबुलाई भनें जो इसाई थिएन। मलाई के भयो भनेर मैले तिनीहरूलाई भनें। "ओहो, कस्तो परमेश्वर वा स्वर्गदूतले तिमीलाई रक्षा गर्नुभयो। उहाँ महान् हुनुहुन्छ!" बाबुले भने। हो, परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ।

लेखकः आन्ड्रयु मेचेस्नी।

## यस पुस्तकमा उल्लेख गरिएका देशहरूको बारेमा केही छोटो जानकारीः

### म्यानमार

म्यानमारमा २३३ सेभेन्थ-डे एडभेन्टिस्ट चर्चहरू छन् र ३०,९२० जना सदस्यहरूछ। यसको जनसंख्या ५२,४१४,००० छन्। यहाँ दुई बाइबल सिकाउने सेमिनारीहरू, पुस्तक छाप्ने छापाखाना र भ्वाइस अभ प्रोफेसी पत्राचार स्कूल छन्। सन् १९०२मा हर्बर्ट बी मेरयरस् र ए.जी. वाटसन अङ्ग्रेजी बोल्ने बर्माका मानिसहरूलाई पुस्तक बेच्न आएका थिए। तिनीहरू त्यहाँ पुगेको केही समयभित्रै ड मे भनिने इसाई महिला भेटिइन् जसले पछि गएर शनिबार नै साबथ सत्य हो भनेर स्विकारीन्। तिनी र उनका दाजु मोङ्गमोङ्गले आफ्नै खर्चले सुसमाचार प्रचार गरे र विश्वासीहरूको सानो झुण्ड बनाए। सन् १९०४मा स्वइच्छाले सेभेन्थ-डे एडभेन्टिस्ट भएकाहरूले भारतबाट आएका हबर्ट एच भोटावलाई आफ्नै खर्चले प्रचारकको खर्च व्यहोरे। सन् १९०५मा बर्मा मिशनको स्थापना भयो। सन् १९८९मा बर्मालाई म्यानमार भनेर नाम दिइयो र त्यसको राजधानी रङ्गुन वा याङ्गुन भयो। दुवै पुरुष र स्त्रीले थानाखा भन्ने रूखको बोक्राको पहेँलो पदार्थलाई पेस्ट बनाएर अनुहारमा लगाउँछन्। त्यसले घामबाट सुरक्षित गर्दछ। भात, माछा, सागसब्जी र सुप ती देशका मानिसहरूको चलनचल्तीको खाना हो। परम्परागतरूपमा तिनीहरूले पहिरिने पोशाकलाई लोङ्गी भन्दछ। त्यो स्त्री र पुरुषले बेरेर लगाउँदछन्। त्यहाँका स्थानीय एक जाती इन्था भनिनेहरू इन्ले तलाऊमा तैरिरहेको टापुमा सागसब्जीहरू उमार्छन्। त्यसको वरिपरि तैरिरहेको घाँस र पानी हेसिन्थलाई खानाको रूपमा जम्मा गर्छन्। तैरिरहेको साना साना टापुलाई डुङ्गाले घचेट्न पनि सक्छन् र बेचविखन पनि गर्न सक्छन्। नयाँ वर्षको उत्सबलाई पानीको पर्ब भनिन्छ। स्थानीय भाषा अनुसार त्यसलाई थिङ्युन भनिन्छ। त्यो पर्ब चार दिनसम्म मनाइन्छ। त्यसबेला देशभरि नै मानिसहरू एक आपसमा पानी छ्यापेर खुशियाली मनाउँछन्। त्यहाँका पहाडहरूमा धेरै थरीका अमूल्य पत्थरहरूको खानी छन्। विश्वमा भएका रूबी पत्थरहरूको ९० प्रतिशत पत्थरहरू म्यानमारबाट नै आयात गरिन्छ। तिनीहरूको राष्ट्रिय खेल चिनलोन हो। यो हातले बुनेका कपडाको भकुण्डो हो। छ छ जनाको टिमले यो खेल प्रतिस्पर्धा गरेर खेल्दछन्। यो अत्यन्तै रमाइलोसँग खेलिन्छ।

## थाइल्याण्ड

थाइल्याण्ड मिशनमा ५२ चर्चहरू छन् र १५,३८५ सेभेन्थ-डे एडभेन्टिस्टहरू छन्। यहाँको जनसंख्या ६५,३२३,००० छन्। सन् १९०६ वा १९०७मा आर ए काल्डिवलले किताबहरू बेचेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको परिचय दिएका थिए। दश वर्षपछि सिङ्गापुरका पुस्तक बेच्नेहरूले साबथ पालन गर्ने झुण्ड भेट्टाए। त्यसको फलस्वरुप सन् १९१९मा इ.एल. लङ्वे र फरेस्ट ए. प्राट र तिनीहरूको परिवारसहित मिशन कार्यालयको स्थापना गरियो। सुरुसुरुमा थाइल्यान्डमा चाइनिजहरूको बीचमा सुसमाचार प्रचार गरिएको थियो। सन् १९२५मा पहिलो थाइल्यान्डको युवा नागरिकले बप्तिस्मा लिएको थियो। पछि ऊ बैङ्कक सानेटोरियम र अस्पतालको सहायक बिजिनेस म्यानेजर भयो। यो देशमा कहिल्यै पनि गोरा बिदेशीहरूले शासन गरेनन्। स्थानीय भाषा अनुसार देशको नाउँ प्रथेट थाइ हो, जसको अर्थ स्वतन्त्र देश हो। यस देशमा अत्यन्तै ठूलो र सानो जनावर पाइन्छ। सबभन्दा सानो जिवमा बम्बल बी चमेरो हो भने सब भन्दा ठूलो माछा ह्वेल शार्क हो। करिब एक करोड पचासलाख जनसंख्या भएको र राजधानी बैङ्कक् हो। तिनीहरूको भाषामा बैङ्कक नाउँको अर्थ हो "स्वर्गदूतहरूको सहर, अमर मानिसहरूको महान् सहर, नव रत्नहरूको महिमित सहर, राजाको सिंहासन भएको सहर, राजकीय भवनहरू भएको सहर, अवतारी देवताहरूको घर र इन्द्रको आदेश अनुसार विश्वकर्माले स्थापना भएको देश।" थाइल्यान्डमा कमसेकम १५०० जातका अर्किडहरू छन् र विश्वमा ती अर्किडहरूलाई निर्यात गरिन्छ। थाइल्यान्डलाई सुरुमा सियाम भनेर चिनिन्थ्यो। यो सियामिज बिरालोहरूको जन्मस्थल हो। त्यहाँ २३ थरीका सियामी बिरालोहरू थिए तर अहिले केवल छ थरीका मात्र छन्। विवाहको बेलामा सियामी बिरालोको जोडी उपहार दिनु शुभलक्षण मानिन्छ। त्यो देशको प्रान्त लोपबुरीहरूले वर्षेनी बाँदरहरूको पर्व मनाउँछन्। त्यसलाई बाँदर बफे भनिन्छ। त्यस गाउँमा भएका हजारौं बाँदरलाई धन्यवाद दिन त्यो चाड मनाउँछन्। वर्षेनी हजारौं पर्यटकहरू त्यहाँ आउँछन्। दुई टन मासु, फलफूल, आइसक्रिम र अरू परिकारहरू त्यसबेला खाइन्छ। भारतपछि थाइल्यान्ड विश्वको दोस्रो राष्ट्र हो जसले संसारमा चामलहरू निर्यात गर्दछ। त्यो देशको राष्ट्रिय चिन्ह हात्ती हो। सन् १८५०मा एक लाख हात्तीहरूलाई घरमा पाल्दथे तर केवल २०००मात्रै छन्। त्यहाँ जङ्गलमा भन्दा पालुवा हात्तीहरू धेरै छन्। दुई थाइल्यान्डका इङ्ग र चाङ्ग

बन्करको नाउँमा सियामिज ट्विन भनेर जुम्ल्याहाको नाउँ दिइएको थियो। म्युवे थाइल्यान्डको राष्ट्रिय बक्सिङ्ग हो। प्रत्येक वर्ष करिब ६० लाख बिदेशी पर्यटकहरू थाइल्यान्डमा आउँछन्। संसारका जनावरहरूमा दश भागको एक भाग थाइल्यान्डमा पाइन्छ। विश्वको सबभन्दा ठूलो पाइथान वा अजिङ्गर सर्पको घर थाइल्यान्ड हो। सबभन्दा लामो अजिङ्गगर भेट्टाइएको ३३ फूट वा दस मिटरको छ। यो देशको सबभन्दा लामो बिषालु सर्पको राजा कोब्रा हो। यो १८ फिटको हुनसक्छ। एउटा टोकाइले हातीलाई पनि मार्न सक्छ। टाक्रो भन्ने खेल परम्परागत खेल्ने खेल हो। एउटा सानो काठको बललाई कुइना र पाइतालाहरूलेमात्र हावामा तैराउन खोज्दछन्। थाइल्याण्डको रेष्टुराँमा पाँचवटा बोटलहरू टेबुलमा राखिएको हुन्छ। तिनीहरूमा चिनी, धुलो खोर्सानी, कागतीको झोल, नुनिलो माछाको सस र धुलो गरेको बदामहरू। तिनीहरूको खानामा धेरै जसोले तिनीहरूलाई प्रयोग गर्दछन्। तिनीहरूले खानाको निम्ति फोर्क प्रयोग गर्छन्। खाना बेक गर्ने चलन त्यहाँ छैन। वाइ भन्ने अभिवादन थाइल्यान्डहरूको हो। यो तिनीहरूको नमस्ते भनेर हात जोडेर अभिवादन गर्ने चलन हो।

## फिलिप्पिन्स

केन्द्रीय फिलिप्पिन्स युनियन कन्फरेन्समा १,२४३ चर्चहरू छन् र १७३,३९२ एडभेन्टिस्ट चर्चका सदस्यहरू छन्। त्यहाँको जनसंख्या २०,६५९,२३२ छ। सन् १९०५मा जी.ए. इर्विन अस्ट्रेलियाको युनियन कन्फरेन्सको हैसियतले जनरल कन्फरेन्समा सहभागी हुने क्रममा त्यहाँका पदाधिकारीहरूलाई मनिलाका टापुहरूमा पुस्तक बेच्ने मानिस पठाएर सेभेन्थ-डे एडभेन्टिस्टको काम सुरु गर्न अनुरोध गरेका थिए। उहाँको अनुरोधलाई स्वीकार्दै अस्ट्रेलियाको आर.ए. काल्डवेल मनिलामा सन् १९०५को अन्त्यमा आएर स्पानिश भाषाको स्वास्थ र धार्मिक किताबहरू सफलतापूर्वक विक्रि गरे। सन् १९१५मा फिलिप्पिन्सहरूले सबभन्दा पहिले आफ्नै भाषामा एडभेन्टिस्ट सुसमाचार  फिलिप्पिन्सकै निबासी बिबियनोपनिसबाट सुन्न पाएका थिए। सन् १९१६मा १०४ जनाले बप्तिस्मा लिए र ११६ सहितका सदस्यहरू मिलेर चर्च स्थापना गरे।

सन् १५२१मा देशहरूलाई पत्ता लगाउने क्रममा स्पेनबाट फर्निनान्ड मागिलन प्रथमपटक फिलिप्पिन्समा आएका थिए। १६ शताब्दीमा त्यो देश

स्पेनको उपनिबेश भयो र स्पेनको राजा फिलिप दोस्रोको नाउँमा त्यो देशको नामाङ्करण गरिएको थियो। १९सौं शताब्दीमा सबै फिलिप्पिनका देशबासीहरूले आफ्नो नाउँको अन्त्यमा स्पानिश नाउँ राख्न अध्यादेश जारी गरेका थिए। त्यसले गर्दा धेरै जसो फिलिप्पिन्सका मानिसहरूको नाउँ स्पानिशमा छ। महिलाहरूले लामो स्कर्ट लगाउँछन् र पुरुषहरूले सुरुवाल लगाउँछन् र भुईं कटहरको झोलहरूबाट बनाइएको कमिज लगाउँछन्।

## क्याम्बोडियाः

कम्बोडिया मिसनमा ६ वटा चर्चहरू छन्। त्यहाँ ६,७१९ एडभेन्टिस्टहरू छन्। त्यहाँको जनसंख्या १५,७९७,००० छ। इन्डो चाइना मिशनको सेभेन्थ-डे एडभेन्टिस्ट फ्रेड एल. पिकेट सन् १९५०मा कम्बोडिया देशमा जाने पहिलो कर्मचारी थिए। सरकारले उनलाई चर्च बनाउन अनुमति दिएपछि छिमेकी देश दक्षिण भियतनामको टिन्ह बियन गाउँमा ३२ जना कम्बोडियाका विश्वासीहरू भएको चर्च खडा गरे। क्याम्बोडियाको झण्डामा भवनको चित्र छ। त्यहाँको राष्ट्रिय भाषा खेमर हो जुन् ९५प्रतिशतले बोल्दछ। दोस्रो भाषा फ्रेन्च हो जुन् ब्यापार र प्रशासनिक क्षेत्रमा प्रयोग गर्दछ। क्याम्बोडियाको ८५प्रतिशत भूमिले प्रायजसो धान उत्पादन गर्दछ। त्यहाँ रबरको रूखको  पनि खेती गरिन्छ। ९५प्रतिशत मानिसहरूले थेरभादा बुद्ध धर्म मान्दछन्। कपाल खौरिएका र पहेंलो  पोशाक लगाएका भिक्षुहरू क्याम्बोडियामा जतातते देखिन्छ।

## इस्ट टिमोर

इस्ट टिमोरमा केवल एउटामात्र चर्च छ। १,२६६,००० जनसंख्या भएको त्यस देशमा ५३६ एडेभेन्टिस्टहरू छन्। एडभेन्टिस्ट मिशनको मूख्य कार्यालय डिलीमा छ जुन् इस्ट टिमोरको राजधानी हो। त्यहाँको राष्ट्रिय खाना खोर्सानीसँग खाने माछाको परिकार हो जसलाई इकानपेपस् भनिन्छ। त्यो देशमा इसाईहरूको बाहुल्यता छ। कमसेकम ९८प्रतिशत जनताहरू रोमन क्याथोलिक मतका छन्। त्यो देश पोर्च्युगाल देशको उपनिबेश थियो। बाँकी दुई प्रतिशत जनसंख्या प्रोटेस्टेन्ट र मुस्लिम धर्ममान्नेहरू छन्। मलाय भाषामा टिमुर भन्ने नाउँको अर्थ पूर्व हो। इस्ट टिमोर भन्दा पूर्व पूर्व अर्थ लाग्छ। त्यहाँको पौराणिक कथा अनुसार एउटा केटाले बिरामी गोहीलाई सहायता

गरेको थियो। त्यस केटाप्रति आभारी भएर सो गोहीले आफूलाई टापुमा परिणत गरायो। त्यो देशका बासिन्दाहरू त्यस केटाको बंश भएको विश्वास गर्छन्। त्यहाँका बासिन्दाहरूले परम्परा अनुसार लागाउने लुगालाई टाइस भनिन्छ। त्यो दुई स्टाइलका हुन्छन्ः मेन र फिटो। मेनेटाइस कम्मरमा लगाउँछन्। फिटोटाइस लामी खास्टो जस्तो हुन्छ र त्यसलाई महिलाहरूले लगाउँछन्। तिनीहरूको मूल खाना चामलको भात हो। त्यहाँ मकै, सखरखण्ड, क्यासाभा र टारो भन्ने फल पाइन्छ। केरा, खरबुजा, आँप, मेवा, नरिवल, बन्दाकोभी, पालुङ्ग, केडागुडी, केराऊ र प्याज आदि त्यहाँ फल्दछन्। कुखुरा, सुँगुर र बाख्राका मासु धेरै जसोले खान्छन्। माछा पनि एक महत्त्वपूर्ण खानाको स्रोत हो। त्यहाँको आधिकारिक भाषा टेटम र पोर्चुगिज हुन्। अङ्ग्रेजी र इन्डोनेशिया भाषाहरू पनि प्रायजसो चलनचल्तीमा प्रयोग गर्छन्। टेटुन भन्ने भाषा अस्ट्रेलिया र एशियनभाषा मिसेको भाषा हो। टापुहरूको देशहरू जस्तै मालागासे, टागालि र हवाइमा रहेका मानिसहरूका मलेयो र पोलिनेसयन परिवारमा टेटुन भाषा बोल्दछ। यो भाषा विश्वमा करिब ८ लाख मानिसहरूले बोल्दछन्। इस्ट टिमोरमा विभिन्न जातिहरू छन्। सबभन्दा धेरै बढी जातिहरूमा टेटुम हो। तिनीहरू करिब एक लाख जतिको छ, माम्बे जाति करिब ८००००, टुकुडेडे करिब ६३००० र गलौली, कमक र बुनाक जातिहरू छन् जसको जनसंख्या करिब ५०,००० छन्। कसकस भन्ने जन्तु, बाँदर, हरिण, जङ्गली बिरालो, सर्प र गोहीहरू टिमोरको जङ्गलमा पाइन्छ। त्यहाँको आधा जस्तो बाटोहरूमा कालोपत्र लगाइएको छ।

### इन्डोनेसियाः

इन्डोनेशियाका सेभेन्थ-डे एडभेन्टिस्टहरू दुई कन्फरेन्स अन्तर्गत छन्। इस्ट इन्डोनेसिया युनियन जसको मुख्य कार्यालय सुलवासी मा छ भने वेस्ट इन्डोनेसिया युनियन मिसन जस्तो मुख्य कार्यालय जाकार्तामा छ। इन्डोनेसियामा ७०७ चर्चहरू छन् र त्यहाँ करिब २१५,२६१ एडभेन्टिस्टहरू छन्। सन् १९००मा आर डब्ल्यु मुनसन भन्नेले इन्डोनेसियामा एडभेन्टिस्ट काम सुरु गरेका हुन्। उनले सुमात्राको पश्चिमी समुद्री किनारको पेडाङ्ग भन्ने ठाउँबाट काम सुरु गरेका थिए। उनी पहिला सिङ्गापुरमा अनाथलय खोलेर बसेका थिए। इन्डोनेसियाको पहिला एडभेन्टिस्ट एक जना चाइनिज प्रचारक थिए जो मुनसनको सिङ्गापुर अनाथालयमा पालिएका थिए। सन् १९०५मा इस्ट इन्डियन देश अस्ट्रेलियन युनियन कन्फरेन्सको मिशन क्षेत्र घोषित गरिएको

थियो। मुनसनसँग बाइबल अध्ययन गरेपछि सन् १९०५मा इन्डोनेसियाको बाटकल्यान्ड भन्ने प्रान्तको इम्मान्युयल सिरगरले एडभेन्टिस्ट सन्देश ग्रहण गरे। उनी इन्डोनेसियाको प्रथम् एडभेन्टिस्ट हुन्। बाटक प्रान्त नर्थ सुमात्रामा पर्छ। त्यहाँका मानिसहरू मानिसलाई मारेर त्यसको मासु खान्छन्। इम्मान्युयल आफ्नो त्यस्तो हिंस्रक जातिकहाँ सुसमाचार सुनाउन फर्केका थिए। इन्डोनेसिया धेरै ठूलो छ। त्यसमा १७,५०८ टापुहरू छन्। त्यहाँको क्षेत्रफल १,१९२,७०० वर्गमाइल अर्थात् १,९१९, ४४० वर्ग किलोमिटर छ। यस देशमा समयको क्षेत्र नै तिनवटा छन्। त्यस देशको एक कुनाबाट अर्को कुनामा उडेर जानमात्र १२ घन्टा लाग्छ। १७,५०८ टापुहरूमा केवल ६०००मामात्र मानिसहरू बस्दछन्। इन्डोनेसियाका मानिसहरूले बायाँ हात चोखो नभएको मान्दछन्। बायाँ हातबाट केही र कसैलाई पनि छुँदैन न त बायाँ औंलाले कसैलाई औंल्याउँछन्। त्यहाँ हजारौं थरीका जीवजीवातहरू बस्दछन्। भयानक छेपारो कोमोडो इन्डोनेसियाको जङ्गलमा पाइन्छ। सुमात्रामा जङ्गली बाँदर ओरुङ्गुतानहरू पाइन्छ। बहसा इन्डोनेसियाको राष्ट्रिय भाषा हो। तर त्यहाँ ७०० भन्दा बेसी विभिन्न जातका भाषाहरू बोलिन्छ। प्रायजसो तिनीहरूले आफ्नो जातीय भाषा र बहसा भाषा बोल्दछन्। इन्डोनेसियाको जनसंख्या करिब २३ करोड ८ लाख छन्। जाभा प्रान्तमा मात्रै एक करोड चालिस लाखभन्दा बेसी मानिसहरू बस्दछन्। प्रत्येक वर्ष इन्डोनेशियाले ३,००० फ्रान्समा भ्यागुताका खुट्टाहरू निर्यात गर्दछन्। इन्डोनेसिया पासिफिक सामुद्रिक क्षेत्रमा पर्दछ र त्यहाँ १५०भन्दा बेसी ज्वालामुखीहरू छन्। तिनीहरू प्राय सक्रिय नभएतापनि हरेक वर्ष कमसेकम एउटा ज्वालामुखी फुट्छ र ठूलो भूकम्प जान्छ।

त्यहाँको एक प्रान्तको गाउँ मान्छेको टाउको काट्ने गाउँ भनेर चिनिन्थ्यो। त्यहाँ छायाँबाट नाटकहरू देखाइन्छ। मानिस वा कागजहरूको छायाँबाट नाटक देखाइन्छ। त्यस खालको नाटकलाई वायङ्गकुलिट भनिन्छ। यो अन्यन्त कलात्मक संस्कृति हो जुन परम्परागत सङ्गतिद्वारा बजाएर यो नाटक देखाइन्छ। इन्डोनेसियामा अभिवादन गर्ने तरिकालाई सेलेआमेट भनिन्छ जसको अर्थ हो शान्ति। त्यहाँको परम्परागत लुगा लुङ्गी र कमिज हो। महिलाहरूले पनि त्यस्तै खालको लुगा लगाउँछन्। टेम्पेङ्ग इन्डोनेसियाको राष्ट्रिय परिकार हो। यो चामलको भात हो जसलाई बाँसको भाँडामा राखिन्छ र केराको पातले छोपिन्छ अनि विभिन्न सागसब्जी वा मासुसँग खाइन्छ। चामल साधा उमालेर पकाउँछन् भने नरिवलको पानी मिसाएर पनि पकाउँछन् वा बेसार राखेर पनि पकाइन्छ।